श्री

# कञ्चनपुर जिल्ला अदालत

## लिलाम बढाबढ सम्बन्धि सूचना

यस कञ्चनपुर जिल्ला अदालतको जिन्सी खातामा रहेका सोलार ब्याट्री समेतका मालसमानहरु लिलाम गर्नु पर्ने हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०७ को उपनियम (१)(ख) बमोजिम गठित लिलाम मूल्याङ्कन समितिको मिति २०७९।११।१७ गतेको निर्णय अनुसार आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८ बमोजिम लिलाम द्धारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकासित भएको मितिले १५ औ दिनमा निम्न विवरण अनुसार लिलाम बढाबढ गर्नु पर्ने हुँदा बढाबढ गरी लिलाम सकार गर्न चाहने सर्वसाधारणको लागि यो सूचना प्रकासित गरिएको छ।

निम्नः

१.प्रस्तुत समानहरु जो जुन अवस्थामा छन सोही अवस्थामा लिलाम बढाबढ हुने सम्पुर्ण समानहरु एकमुष्ट उठाउनु पर्नेछ।

२.लिलाम बढाबढ कञ्चनपुर जिल्ला अदालतको प्राङ्गण भित्र हुनेछ सो दिन बिदा पर्न गए त्यसको लगत्तै भोली पल्ट अड्डा खुलेको दिन हुनेछ।

३.समानहरुको न्यूनतम मूल्य रु.४५,९७५।– (पैचालिस हजार नौ सय पचहत्तर मात्र) रहनेछ।

४.लिलाम बढाबढ न्यूनतम मूल्यबाट गरिने छ।

५.लिलाम बोल्दा लिलाम बोल्ने व्याक्तिले लिलाम शुरु हुन अगावै न्यूनतम मूल्यको १०% नगद धरौट राख्नु पर्ने छ।

६.लिलाम सकार गर्ने व्याक्तिले सकार गरेको सम्पुर्ण रकम सातौ दिन भित्र दाखिल गरी सक्नु पर्ने छ।

७.लिलाम बिक्री हुने सामानहरु ईच्छुक व्याक्तिले हेर्न चाहेमा कार्यालय समय भित्र अदालतको भण्डार शाखामा सम्पर्क राखी हेर्न सकिने छ।

८.डाँक लिलाम बढाबढमा लाग्ने मूल्य अभिबृद्धि कर सकारवालाले डाँक सकार गरेको रकम संगै बुझाउनु पर्ने छ।

९.डाँक बढाबढ गरी बढाउदै सोही अनुसार धरौट थप गर्दै जानु पर्ने छ।

१०.लिलाम सकार गरेको १५ दिन भित्र सकार गरेका उक्त समानहरु उठाई लैजानु पर्नेछ।

११.लिलाम सम्बन्धि सम्पुर्ण अधिकार यस अदालतलाई हुनेछ।

२०८१।११।१८

| सि. न. | समानको नाम | संख्या | प्राप्त मिति | जिम्मेवारी सरेको | जम्मा बर्ष | प्राविधिक तथा विक्रेताबाट कायम मूल्य | अदालतबाट कायम गरेको मूल्य | ह्रास कट्टी दर | ह्रासकट्टी पछी हुने रकम | लिलाम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सोलार ब्याट्री | १६ | २०७२।४।१ | - | ७ | १८५०० | १८६५० | २५ | २४९०*१६=३९८४० | २३००*१६=३६८०० | |
| २ | स्केनर | २ | २०७२।९।२५ | - | ७ | ११८४८ | ११९०० | २५ | १५८९*२=३१७८ | ३००० | |
| ३ | लुहाका बाल्टी | २ | २०७२।४।१ | २०७२।४।१ | ७ | ५०० | ५५० | २५ | ७४*२=१४८ | १२५ | |
| ४ | अमिन सामाग्री | १ | २०४२।४।१ | २०७२।४।१ | ३७ | | ४००० | २५ | २०० | २०० | |
| ५ | वाटर डिस्पन्सर | १ | २०७०।१०।२ | २०७२।४।१ | ९ | १७८१० | १७९०० | २५ | १३४४ | १२०० | |
| ६ | सिलिङ्ग पंखा | २ | २०७२।९।२३ | | ७ | २४०० | २४५० | २५ | ३२७*२=६५४ | ६५० | |
| ७ | कार्पेट | १० मि. | २०७२।९।२३ | - | ७ | ५४५० | ५५०० | २५ | ७३५ | ७०० | |
| ९ | फ्याक्स मसिन | १ | २०७३।३।१७ | - | ६ | १९००० | १९१०० | २५ | ३४०० | ३३०० | |
| जम्मा | | | | | | | | | | रु.४५९७५।- | |